जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
सुदुरपश्चिम,प्रदेश, नेपाल
रावतकट्टे, डोटी

प.सं.:-२०८२/०८३
च.नं.:-

मिति:२०८२/१०/१८

**आधारभुत शिक्षा (कक्षा-८) परीक्षाका लागी आवेदन फाराम भर्ने भराउने सम्बन्धि सूचना।**

प्रस्तुत विषय सम्बन्धमा जोरायल गाँउपालिका डोटी अन्तरगत सञ्चालित सामुदायीक तथा संस्थागत विद्यालयहरुका कक्षा-८ मा नियमित अध्ययनरत रही शैक्षिक सत्र २०८२ मा सञचालन हुने आधारभुत शिक्षा (कक्षा-८) उत्तिर्ण परीक्षा सहभागी हुने विद्यार्थीहरुको आवेदन फाराम भरी भराइ शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नहुन यो सूचना प्रकाशन गरीएको छ। विद्यालयहरुले परीक्षा आवेदन फाराम भरी भराई पेश गर्दा तपशिल अनुसार गर्न गराउन हुन समेत अनुरोध छ।

**तपशिलः**

१. विद्यार्थीहरूको वैयक्तिक विवरण जन्मदर्ता अनुसार ठिक साँचो छ/छैन ? सोको एकीन गरी ठिक साँचो नभएको भए पछिसम्म फरक नपर्ने गरी विद्यालयको EMIS मा सबै विवरण अनिवार्य रूपमा अध्यावधिक गर्ने।

२. आवेदन फाराम विद्यालयको EMIS मा गई Log in गर्ने र Manage Exam Tab मा गई Application form मा Click गरेर विद्यार्थीको विवरण रूजु र पुनः रूजु गरी एक प्रति Print गर्ने र विद्यार्थीको हालसालै खिचिएको विद्यालय पोसाकमा रहेको फोटो समेत टाँसी विद्यार्थी स्वयम् तथा अभिभावकको हस्ताक्षर गराइसकेपछि प्रधानाध्यापकले प्रमाणित गर्ने र मिति २०८२ फागुन १० गतेभित्र विद्यार्थीको अंग्रेजी नामको Alphabetical Order मा फारामहरू मिलाई अनिवार्य रूपमा विद्यार्थीको जन्मदर्ताको फोटोकपी र EMIS बाट कक्षा ७ उत्तीर्ण गरेको ग्रेडसिटको प्रतिलिपि सहितको फाइल तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्ने।

३. शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यार्थीको Symbol Number कायम गरिसकेपछि परीक्षाको प्रवेशपत्र Print का लागि विद्यालयको EMIS मा गई Log in गर्ने र Manage Exam Tab मा गई Admit Card मा Click गरेर प्रत्येक विद्यार्थीको दुई प्रति प्रवेशपत्र Print गर्ने र विद्यार्थीको हालसालै खिचिएको विद्यालय पोसाकमा रहेको फोटो समेत टाँसी प्रधानाध्यापकले प्रमाणित गर्ने। प्रवेशपत्रमा भएको विद्यार्थी हस्ताक्षर र प्रधानाध्यापकको हस्ताक्षर भएको ठाउँमा आ-आफ्नो स्थानमा हस्ताक्षर गर्ने।

४. विद्यालयको पत्रसाथ विद्यार्थीहरूको विवरण Alphabetical Order मा राखी सोही बमोजिम समष्टिगत फाराम तयार गरी पेश गर्ने।

५. परीक्षाको लागि चाहिने आवश्यक शैक्षिक सामग्रीहरू (प्रश्नपत्र र उत्तरपुस्तिका बाहेक) परीक्षार्थी स्वयम्ले व्यवस्था गर्नु पर्नेछ। सोको जानकारी प्रत्येक विद्यालयले विद्यार्थीहरूलाई गराउनुपर्ने।

६. विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड, २०८० मा व्यवस्था भए बमोजिम मिति २०८२ फागुन २० गतेभित्र विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन गरी देहायको ढाँचामा प्रत्येक विषयको हाजिरी वापत ४, प्रयोगात्मक परियोजना कार्य वापत ३६ र प्रथम द्वितीय त्रैमासिक परीक्षा अनुसार १० अङ्कका आधारमा पेश गर्नु पर्नेछ। साथै उक्त अङ्क EMIS मा प्रविष्ट समेत गर्नुपर्ने।

७. परीक्षा सम्बन्धी थप अन्य जानकारी पछि प्रकाशित गरिनेछ। परीक्षा सम्बन्धी थप जानकारी आवश्यक भएमा शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिनेछ।

८. संस्थागत विद्यालयहरूले आवेदन फाराम बुझाउन आउँदा प्रति विद्यार्थी रू. ५०० (पाँच सय) का दरले हुन आउने रकम यस कार्यालयको राजश्व शाखामा बुझाई सोको सक्कल भौचर समेत बुझाउनु पर्नेछ। साथै दोब्बर दस्तुर सहित फाराम मिति २०८२ फाल्गु १५ गतेसम्म बुझाउन सकिने (सामुदायिक विद्यालयको हकमा दस्तुर नपर्ने)।

**बोधार्थ तथा अवगतार्थः**

श्रीमान् अध्यक्षज्यू। जानकारीका लागी सादर अनुरोध।
श्रीमान् उपाध्यक्षज्यू।जानकारीका लागी सादर अनुरोध।
श्री सञ्चार तथा सुचना प्रविधि शाखा। वेबसाइट र फेसबुक पेजमा अपलोड गरिदिनु हुन।

२०८२/१०/१८
नि. प्रमुख प्रशासकीय अधिकृत

**Email:** teju.gautam42@gmail.com
: oliamrit126@gmail.com
:jorayaledusection2073@gmail.com
**Website:**jorayalmun.gov.np

सम्पर्क नम्बरः
शिक्षा शाखा प्रमुखः९८४८७६५२८९
प्राविधिक सहायकः९८४२८६९४७३

शिक्षाको जरा तितो हुन्छ तर त्यसको फल धेरै मिठो हुन्छ।
—एरिसटोटल